# चौतारा साँगाचोकगढी नगरपालिकाको तरकारी बिक्रीमा अनुदान कार्यविधि, २०७९

### स्वीकृत मिति : २०७९।०४।३१

**प्रस्तावना :**

चौतारा साँगाचोकगढी नगरपालिका भित्रका कृषकहरुले उत्पादन गरेको तरकरीहरु संकलन गरी संकलन केन्द्र मार्फत् विक्री वितरण गर्ने क्रममा विक्री हुन नसकी खेर गएका तरकारीहरुको परिमाणको आधारमा उचित अनुदान सम्बन्धित तरकारी संकलन गरी विक्री वितरणको व्यवस्था गर्ने कृषक समूह, कृषि सहकारी, तरकारी पसल व्यवसाय उपलब्ध गराउने उद्देश्यका साथ यो कार्यविधि तयार गरी लागू गर्न आवश्यक देखिएकोले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यो कार्यविधिको नाम चौतारा साँगाचोकगढी नगरपालिकाको तरकारी बिक्रीमा अनुदान कार्यविधि, २०७९ रहेको छ ।

२. यो कार्यविधि तुरन्त प्रारम्भ हुने छ ।

३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) समुह भन्नाले साझा उद्देश्य लिई विधान निर्माण गरी स्थानिय कृषि विकास शाखामा कानुनी रुपले दर्ता भएको संस्था सम्झनु पर्दछ ।

(ग) सहकारी भन्नाले सहकारी ऐन २०७४ अनुसार गठन भएको संस्था सम्झनु पर्दछ ।

(घ) तरकारी पसल व्यवसाय भन्नाले कृषकहरुबाट उत्पादित कृषि जन्य वस्तु खरिद गरी विक्री वितरण गर्ने उद्देश्यले संचालन गरिएको व्यवसायलाई सम्झनुपर्दछ ।

(ङ) तरकारी बिक्रीमा अनुदान भन्नाले विभिन्न समूहका तरकारीमा प्रयोग हुने बालीहरुमा दिईने अनुदान सम्झनु पर्दछ ।

## परिच्छेद–२

## तरकारी बिक्रीमा अनुदान कार्यक्रम

४. तरकारी बिक्रीमा अनुदान कार्यक्रमको ढाँचाः चौतारा साँगाचोकगढी नगरपालिकामा दर्ता भई संचालनमा रहेका कृषक, कृषक समुह,कृषि सहकारी, तरकारी पसल व्यवसायहरुले यस नगरपालिका भित्र तरकारी उत्पादन भएका तरकारी संकलन केन्द्र मार्फत् संकलन गरी विक्री वितरणका क्रममा विक्री गर्न नसकेको अवस्थामा नष्ट भई जाने तरकारीहरुको किसिम र परिमाणको आधारमा मुल्य अनुदान दिने उदेश्यका साथ कार्यविधि तयार गरि लागु गर्न आवश्यक देखिएकोले यस कार्यविधि बमोजिम तरकारी बिक्रीमा अनुदान कार्यक्रम निम्न अनुसार संचालन गरिने छ।

(१) यस नगरपालिका भित्र तरकारी संकलन गरी विक्री गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, व्यवसायिक फर्म मार्फत् कार्यक्रम संचालन गर्रिरिनेछ।

## परिच्छेद–३

## कार्यक्रम संचालन

५. प्रस्ताव मागको सूचना प्रकाशित गर्ने।

६. कार्यक्रम छनौटः कार्यक्रम छनौट गर्दा कार्यविधि अनुरुप मापदण्ड पुगेका कृषक, कृषक समुह, कृषि सहकारी तरकारी पसल व्यवसायलाई मात्र कार्यक्रममा सहभागी गरिने छ। छनौटको लागि निम्नानुसारको छनौट समिति हुने छ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| सहकारी शाखा प्रमुख | सदस्य |
| सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

७. यसरी छनौट भएका कृषक समुह, कृषि सहकारी संस्था, तरकारी पसल व्यवसायीहरुले निम्नानुसारका प्रमाणहरु पेश भए पश्चात् मूल्याङ्कन गरिने छ :

(क) कृषक समुह/कृषि सहकारीको निर्णय प्रतिलिपी

(ख) कृषक समुह/कृषि सहकारीको वार्षिक लेखा परीक्षण प्रतिवेदन

(ग) कृषक समुह/कृषि सहकारी/तरकारी पसल व्यवसाय कर चुक्ता प्रमाण पत्र प्रतिलिपी,

(घ) कृषक समुह/कृषि सहकारी/तरकारी पसल व्यवसाय दर्ता प्रमाण पत्र प्रतिलिपी,

(ञ)  सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(च)  बिक्री गर्ने कृषक समुह/कृषि सहकारी/तरकारी पसल व्यवसायले निवेदन दिनुपर्ने ।

(छ)  दैनिक नष्ट भएका तरकारीहरुको कृषि प्राविधिकद्धारा प्रमाणित विवरण तथा फोटोहरु पेश गर्नुपर्नेछ ।

## परिच्छेद –४
## कार्यक्रम संचालन तथा व्यवस्थापन

८. यस कार्यविधि बमोजिम यस नगरपालिका भित्र संचालन हुने तरकारी बिक्रीमा अनुदान कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन र निर्देशन नगरपालिकाद्धारा गरिने छ ।

९. कार्यक्रमको व्यवस्थापन : चौतारा साँगाचोकगढी नगरपालिकाको स्वीकृत वार्षिक बजेटको सीमा भित्र रही कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गरिने छ ।

१०. कार्यक्रमको अनुगमन, मूल्याङ्कन :कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नको लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारी रहेको एक अनुगमन तथा मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| उप प्रमुख | संयोजक |
| आर्थिक विकास समितिका संयोजक | सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| सहकारी शाखाको शाखा प्रमुख सदस्ययोजना शाखाको प्रमुख | सदस्य सचिव |

## परिच्छेद–५
## बजेट व्यवस्था

११. चौतारा साँगाचोकगढी नगरपालिकाले वार्षिक बजेटमा कार्यक्रम स्वीकृत भए वा नगर कार्यपालिकाको वैठकबाट निर्णय भए पछि मात्र यस्तो कार्यक्रम संचालन गरिने छ । यसरी विनियोजन भएको बजेट यस कार्यविधिको अधिनमा रहि खर्च गरिने छ ।

१२. यस कार्यविधिको परिधि भित्र रहि नगरपालिकाबाट छनौटमा परेको कृषक समुह/कृषि सहकारी/तरकारी पसल व्यवसायलाई विक्री वितरण गर्न नसकी नष्ट भएका तरकारीको किसिम र परिमाण अनुसार नष्ट भएकै दिनका बजार दरभाउमा नबढ्ने गरी एक मुष्ट रुपमा नियमानुसार रकम भुक्तानी गरिनेछ । उक्त अनुदान रकम असार मसान्त भित्र भुक्तानी लिई सक्नु पर्ने छ ।

१३. खर्चमा बन्देज: आर्थिक वर्षको वार्षिक बजेटमा कार्यक्रम समावेश नगरी वा नगर कार्यपालिको वैठकबाट कार्यक्रम स्वीकृत नगरी यस किसिमको खर्च गरिने छैन ।

१४. पारदर्शिता र उत्तरदायित्वः यस किसिमको कार्यक्रम संचालन गर्दा कार्यविधि अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गरिने छ ।

## परिच्छेद–६
## विविध

१३. तरकारी बिक्रीमा अनुदान कार्यक्रमको सूचना व्यवस्थापन प्रणालीः यस किसिमबाट कार्यक्रम संचालन भएको सम्पुर्ण अभिलेख व्यवस्थापन अद्यावधिक गरि राखिने छ ।

१५. कार्यविधि बमोजिम हुने : तरकारी बिक्रीमा अनुदान कार्यक्रमको अनुदान रकम यसै बमोजिम बनेको कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

१६. थपघट वा हेरफेर तथा बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः चौतारा साँगाचोकगढी नगरपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा अड्काउ फुकाउन वा कुनै द्धिविधालाई स्पष्ट गर्न आवश्यक निर्णय लिन सक्ने छ ।